# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर

बागमती प्रदेश

### आ.व. ०७८/७९ को लागि गोदावरी नगरपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, माटो, स्लेट, खरिढुङ्गा तथा सिमेन्टलाई आवश्यक पर्ने कच्चा पदार्थ आदि प्राकृतिक श्रोतहरुको निकासी कर असुल गर्ने सम्बन्धी (ठेक्का नं.: 03/Internal Resources/077/078)

## बोलपत्र आव्हानको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०७८/०२/२७

यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष ०७८/७९ को अवधिका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए बमोजिम तथा दफा ६२ को सेवा शुल्क १, २ को (घ) अन्तर्गत सडक बाटो पूर्वाधार उपयोग गरे बापत पूर्वाधार सेवा उपयोग शुल्क लिने गरी यस नगरपालिकाको आर्थिक ऐनबाट स्वीकृत भए बमोजिम हुने गरी तथा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिका क्षेत्रबाट निकासी हुने निम्न बमोजिम बस्तुहरुमा निकासी शुल्क दस्तुर संकलन गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक निर्माण व्यवसायी, ठेकेदार तथा फर्महरुले बोलपत्र सूचना प्रकाशित भएको मितिले ३२ औं दिन (मिति २०७८/०३/२७) भित्र तपसिलमा उल्लेखित यस नगरपालिकाको राजस्व बैक खातामा टेण्डर फाराम दस्तुर रकम जम्मा गरी खरिद गरी उल्लेखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत ३३ औं दिन (मिति २०७८/०३/२८) भित्र १२:०० बजेसम्म शिलवन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्रहरू ३३ औं दिन (मिति २०७८/०३/२८) को १३:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा हुनेछ। बोलपत्रको साथमा तपसिलमा उल्लेखित विडबण्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको विडबण्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट (१२०) एक सय बिस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समाबेश गर्न पाइनेछैन। कबोल ठेक अंकमा मु.अ. करसमेत जोडेर मात्र कुल ठेक्का सम्झौता रकम हुनेछ। ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा दुई किस्ता गरी सम्झौता रकम बुझाउन सकिने छ। तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेबसाइट (www.godawarimunlalitpur.gov.np) मा समेत टाँस गरिनेछ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ। नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट नदीजन्य प्रदार्थका बिषयमा भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकेदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ। साथै बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले आफ्नो कम्पनी रजिस्ट्रेसनको प्रमाणपत्र, आ.व.०७६/७७ को कर चुक्ताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र व्यवसाय दर्ताको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ।

**तपसिल**

यस नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम निर्धारण भएको नगर निकासी कर/दस्तुर निम्न बमोजिमका दररेट अनुसार कच्चा प्रर्दाथ आदि प्राकृतिक श्रोतहरुको निकासी कर संकलन गर्नुपर्ने छ।

ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, स्लेट, खरिढुङ्गा तथा सिमेन्टलाई आवश्यक पर्ने कच्चा प्रर्दाथहरुः प्रति घनफिट रु.२.७५ (भ्याट बाहेक)

माटोः- प्रति घन फिट रु. १.०० (भ्याट बाहेक)

अन्य स्थानीय तहबाट निकासी कर तथा अन्य कर तिरी आएकोमा सडक बाटो पूर्वाधार उपयोग गरे बापत पूर्वाधार सेबा उपयोग गरे बापत ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, स्लेट, खरिढुङ्गा तथा सिमेन्टलाई आबश्यक पर्ने कच्चा पर्दाथहरु

प्रति सानो गाडी रु. ५०.०० (भ्याट बाहेक)

प्रति ठुलो गाडी रु. १००.०० (भ्याट बाहेक)

माटो - प्रति सानो गाडी रु. २५.०० (भ्याट बाहेक)

प्रति ठुलो गाडी रु. ५०.०० (भ्याट बाहेक)

| ठेक्का नं. | मालवस्तुको विवरण | न्यूनतम ठेक अङ्क रु. (मु.अ. कर बाहेक) | बिडबण्ड रकम रु. | टेण्डर फाराम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 03/Internal Resources /077/078 | आर्थिक वर्ष ०७८/७९ को लागि गोदावरी नगरपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, माटो, स्लेट, खरिढुङ्गा तथा सिमेन्टलाई आबश्यक पर्ने कच्चा प्रर्दाथ आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्धी | ७,९८,०५,०००/०० (सात करोड अन्ठान्नब्बे लाख पाँच हजार मात्र) | ४५,१०,०००/०० | ५०००/- | |

**बोलपत्र पाइने स्थानः**
गोदावरी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर

**थप जानकारीको लागिः** गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बज्रबाराही, ललितपुर
०१-५५७२५९२

**खाताको विवरणः**
राजस्व खाता नं.: 0412051497865006
बैङ्कः NIC ASIA,Satdobato, Lalitpur.
धरौटी खाता नं.: 4141497865524002
बैङ्कः NIC ASIA,Satdobato, Lalitpur